| 1 | Factory Worker | 11 | 0 | 1500 | ४४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ८ गते (22nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NUSAIBA SUPERMARKET

पुर्व स्वीकृति मिति २०८०/०१/३१ LT. No.285949 चलानी नं. ६०२०१३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrian | 1 | 0 | 1200 | ४३,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour Services | 1 | 0 | 1000 | ३६,०८५ | | | | | | | |
| 3 | Executive Sales | 2 | 0 | 2100 | ७५,७८० | | | | | | | |
| 4 | Sales Manager | 1 | 0 | 5700 | २०५,६८५ | | | | | | | |
| 5 | Supervisor | 2 | 0 | 2500 | ९०,२१५ | | | | | | | |
| 6 | Accountant | 0 | 1 | 3600 | १२९,९०५ | | | | | | | |
| 7 | Manager | 1 | 0 | 5700 | २०५,६८५ | | | | | | | |
| 8 | Assistant Manager | 0 | 2 | 5700 | २०५,६८५ | | | | | | | |
| 9 | Representative | 2 | 0 | 2500 | ९०,२१५ | | | | | | | |

कम्पनी : UNIQUE FITWELL TRADING & SERVICES

पुर्व स्वीकृति मिति २०८०/०१/३१ LT. No.285948 चलानी नं. ६०२०१३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 2 | 1200 | ४३,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GREEN CITY CONTRACTING & SERVICES WLL

पुर्व स्वीकृति मिति २०८०/०१/३१ LT. No.285947 चलानी नं. ६०२०१३७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 1 | 1000 | ३६,०८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 0 | 3 | 1000 | ३६,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ८ गते (22nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Govt.L/c No:1189/073/074

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np


## कृष्णपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रकाशित मिति : २०८०/०२/०१

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

यस कृष्णपुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको मिति २०७९।१२।२० गते प्रकाशित तपशीलको कार्य गर्ने सुचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुदा न्युनतम् मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक रू. |
|---|---|---|---|
| 15-MED-2079/080 | Procurement and supply of Medicine | श्री डि वि मेडिसिन सेन्टर, धनगढी कैलाली | १३,६८,०४५।- |

अन्य सबै बोलपत्र दाताहरुलाई समेत यसै सुचनाबाट जानकारी गराइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

"गढीमाई नगरपालिकाको विकास, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार"
स्थानीय सरकार

## गढीमाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

समनपुर, रौतहट
मधेश प्रदेश, नेपाल

### गढीमाई नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकास योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीमा सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तपाईले विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबासिको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं ।
- गढीमाईको प्रयोग नगरौं । नगरपालिकालाई गढीमाइ नगरपालिका बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- महिला हिंसारहित समाज बनाउने अभियानमा सबै जना सहभागि बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थाल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा संचालन हुने विकास निर्माणमा सहभागी बनी विकासमा हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनिका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# प्रयोगात्मक शिक्षाको नाममा मनपरि

असहाय व्यक्तिहरूका लागि भन्दै समाजसेवाका कार्यहरू हुँदै आएको धेरै अघिदेखिकै विषय हो । बालबालिका होस् या वृद्ध, असहायका सेवामा विभिन्न संस्था तथा केन्द्रहरू खोलेका छन् । यस्ता सेवामा कोही निःस्वार्थ लाग्छन् भने कोही–कोही यस्तै केन्द्र भजाएर कमाउ धन्दामासमेत लाग्छन् । कमजोर, दीनदुःखी आशैआशमा यस्ता केन्द्रमा आइपुग्छन् । तर, कोही भने आपराधिक मानसिकताबाट ग्रस्त भएर बेलाबेला विवादित घटना आइरहेका पनि छन् । जसको कोही छैन उनीहरूलाई पढाउने हुर्काउने नाममा कमजोरीको फाइदा उठाउँदै यौनदेखि अन्य दुर्व्यवहार हुँदै आएका घटनाहरू उजागार हुँदै आएका छन् ।

पछिल्लोपटक कृषिविज्ञ मदन राई यस्तै प्रकरणमा पक्राउ परेका छन् । कुनै बेला कृषि क्षेत्रमा सुधार गरेर देश डुलेका मदन चर्चामा थिए । संयुक्त राष्ट्र संघमासमेत काम गरेर ख्याति कमाएका मदन खोटाङ उत्तिकै चर्चामा थिए । ७७ जिल्ला घुमेका, विदेशमा पुगेर प्रशस्त शिक्षा आर्जन गरेका मदनले खोटाङमा उनकी श्रीमती शुभद्रा लामा राईको नाम जोडेर शुभद्रा–मदन फाउन्डेसन (शुभम) स्थापना गरे । शुभमले दिनमा स्कुल जाने बिहान बेलुकी घरमा परिआएको घाँस, दाउरा, खेतीपाती, सरसफाइ आदि काम गर्दै सिक्ने गरी प्रयोगात्मक शिक्षा सुरु गरे । नौ ब्याचले एसइई दिइसकेको यस संस्थाका संस्थापक मदन भने पछिल्लो समय सामाजिक सञ्जालमा उछृंखलरूपमा देखापरे ।

खेतीपातीमा प्रयोग हुने दिसापिसाबबारे चर्चा चलाउँदै गर्दा मदन युटचुबरहरूसँग यौनका बारेमा खुलेर कुरा गर्न थाले । अल्लारे र उरेन्ठेउला कुराहरू सामाजिक सञ्जालमा नबिक्ने कुरै भएन । मदन कृषिमाभन्दा यस्ता कुरामा चर्चित हुन थाले । नेपाली राजनीतिको 'कोर्स करेक्सन' हुनुपर्ने विचारसमेत राख्ने मदन एकाएक आफ्नो संस्थाले पढाएका बालिकाहरूलाई जथाभावी बोल्दै गरिरहेको भिडियोमा प्रशिक्षकका रूपमा देखिए ।

मदनले आफ्नो फेसबुक पेजबाट अश्लील शब्दसहितको प्रशिक्षण प्रयोगात्मक सीपको नाममा सार्वजनिक गरे । बोल्न नलजाउने भनेर सामाजिकरूपमा जबरजस्त स्थापित हुन खोजेका ७५ वर्षे मदन यही घटनाबाट प्रहरीका निगरानीमा परिसकेका थिए । पछिल्लो समय उनले उक्त घटनाभन्दा उछृंखलरूपमा शुभममा प्रस्तुत भएको भिडियो बाहिरियो । यो सँगै मदन अहिले पक्राउ परेका छन् । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–२ सोल्मामा सञ्चालित फाउन्डेसनमा आवासीय रूपमा बसेर पढ्ने बालिका र किशोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा गत शुक्रबार फाउण्डेसनबाटै राई पक्राउ परेका थिए । प्रयोगात्मक शिक्षाको नाममा कमजोर, दीनदुःखीमाथि यस्ता अत्याचार गर्नेमाथि हदैसम्मको कारबाही हुनुपर्छ । प्रयोगात्मक शिक्षाको नाममा भइरहेको मनपरी रोकौं ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः

# विश्वासनीय पत्रकारिताको संकल्प



▶▶ रामजी दाहाल

नेपालका सन्दर्भमा मिडियाप्रतिको विश्वास धर्मराउन थाल्नुको मुख्य कारण मिडियाले प्रश्न गर्न नसक्नु नै हो । दलका नेता, तिनका अभिव्यक्ति र क्रियाकलापबारे प्रश्न नगर्नु भनेको उनीहरूले जे गरे ठीक गरे र अहिले जे गरिरहेका छन् त्यो पनि ठीक छ भन्ने निष्कर्षमा पुग्नु हो । मिडियाले प्रश्न नगर्दा कसैलाई खुसी पार्न सकिएला, पत्रकारका लागि क्षणिक लाभ पनि होला । तर, यस्ता प्रवृत्तिले लोकतान्त्रिक शासन व्यवस्थालाई कमजोर बनाउँछ । लोकतन्त्रका खम्बा हल्लिन पुग्छन् ।

माघ १९ वि.सं. २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएपछि राजनीतिक दल किंमकर्तब्यविमुढको अवस्थामा थिए । शाही घोषणाविरुद्ध आन्दोलनको भयले केही नेता घरमै नजरबन्द गराइएका थिए भने केहीलाई नियन्त्रणमा लिएर प्रहरी हिरासतमा राखिएको थियो । सञ्चारकर्मीमाथि मनोवैज्ञानिक दबाब दिन शाही घोषणाअघि नै सञ्चारमाध्यमको कार्यालयमा सेनाले घेरा हालिसकेका थिए । बन्दुक तेर्स्याउँदै सम्पादकीय कक्षमा अड्डा जमाएर कन्टेन्टमा कैंची लगाउने काम सेनाले गरेको थियो । एफएम रेडियोबाट समाचार प्रसारणमा बन्देज लगाइएको थियो ।

स्वतन्त्रपूर्वक लेख्न र बोल्न पाउनुपर्ने माग राख्दै सञ्चारकर्मी सडक आन्दोलनमा उत्रिएका थिए । दलका नेता सडकमा ओर्लिन डराएका बेला नेपाल पत्रकार महासंघले रत्नपार्कको निषेधित क्षेत्रमा भूमिगत शैलीमा जम्मा भएर शाही शासनविरुद्ध प्रदर्शन गरेको थियो । त्यसअघि कोटेश्वर, बालाजु र कलंकीमा फाट्टफुट्ट देखिने दलका नेता कार्यकर्ता पत्रकारको यो प्रदर्शनपछि क्रमशः सहर केन्द्रित भएका हुन् । अर्थात् लोकतान्त्रिक आन्दोलनको अगुवाइ पत्रकारले नै गरेका थिए ।

सरकारी नियन्त्रणको टेलिभिजनले आन्दोलन दबाउने नाममा शाही शासनका पक्षमा एकातिर अनर्गल प्रचार गरेको थियो भने जनचाहनाअनुसारका समाचार सामग्री दिने काम निजी सञ्चारमाध्यमले गरेका थिए । सञ्चारमाध्यममाथि सर्वसाधारणको विश्वास यति धेरै भयो कि शाही सरकारले सञ्चार जगत्लाई आठौं दलको संज्ञा नै दिएको थियो । नेपालमा भएका हरेक परिवर्तनमा मिडियाप्रति सर्वसाधारणले धेरै विश्वास र भरोसा गर्दै आएका छन् । राजाको निरंकुश कदमविरुद्ध लोकतन्त्रका पक्षमा खुलेर मिडियाले आन्दोलनका पक्षमा काम गरेका थिए । पछिल्लो समय २०६२/६३ को आन्दोलनलाई फर्केर हेर्दा राजनीतिक दल र तिनका नेताको तुलनामा मिडियाप्रति सर्वसाधारणले धेरै विश्वास र भरोसा गरेका थिए ।

वि.सं. २०६२/६३ को आन्दोलनको दबाब थेग्न नसकेपछि अन्ततः राजा ज्ञानेन्द्र प्रतिनिधिसभा पुनःस्थापना गर्न बाध्य भएका हुन् । त्यसपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सार्वजनिक कार्यक्रममै पत्रकारको योगदानको सरकारले उच्च मूल्यांकन गर्ने प्रतिबद्धता जनाएका थिए । प्रधानमन्त्री कोइरालासँगको भेटमा महासंघले संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गर्न माग गरेको थियो । जुन माग सम्बोधन गर्न प्रधानमन्त्री कोइराला सहमत भइहाले । नेपालको संविधान २०७२ को प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरिनु पछाडिको प्रमुख कारण कोइरालाले महासंघको प्रतिनिधिमण्डलसँग जनाएको प्रतिबद्धता नै हो ।

यसरी २०६२/६३ को आन्दोलनलाई फर्केर हेर्दा राजनीतिक दल र तिनका नेताहरूको तुलनामा मिडियाप्रति सर्वसाधारणले धेरै नै विश्वास र भरोसा गरेको प्रस्ट हुन्छ । तर, पछिल्लो समय मिडियाको विश्वसनीयता केही धर्मराउन थालेको भनी टिप्पणी हुन थालेको छ । र, यस्तो टिप्पणी स्वयं पत्रकारले पनि गरेका हुन् । यसका कारण पत्रकारिताको विश्वासनीयता गुम्ने खतरा बढेको छ । ३०औं विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै गर्दा पत्रकारले मिडियामाथि प्रश्न उठ्न थालेको भन्दै चिन्ता व्यक्त गरेका छन् । आफ्नो विश्वसनीयता गुम्दा मिडियाले प्रश्न गर्ने नैतिक साहस गुमाएको छ ।

राजनीतिक नेतृत्व र सिंगो समाजले भुल्न नहुने कुरा के हो भने प्रेस स्वतन्त्रता भनेको पत्रकारको व्यक्तिगत स्वतन्त्रताको कुरा मात्र होइन, यो त अभियानसँग प्रत्यक्ष जोडिएको विषय हो । किनभने, प्रजातान्त्रिक शासन व्यवस्थाका पक्षमा त पेसागत मुद्दालाई थाँती राखेर पत्रकार सडकमा उत्रिए नै, साथै व्यवस्थामाथि कुनै खतराका संकेत देखापर्दा राजनीतिक नेतृत्वलाई खबरदारी गर्ने काम पनि मिडियाले गर्दै आएका छन् ।

पत्रकारिताको विकास र विस्तारका लागि परिवर्तित सन्दर्भमा नयाँ कानुन बनाउनुपर्ने एउटा पाटो छ भने अर्को भएका कानुनको प्रभावकारी कार्यान्वयनका लागि दबाब सिर्जना गर्नुपरेको छ । स्वतन्त्र प्रेसका सन्दर्भमा सत्तामा रहँदा र सत्ताबाट बाहिर रहेका बेला दलका फरक धारणा आउने गरेका छन् । व्यावसायिक पत्रकारिता र सञ्चार जगत्लाई बदनाम गराउन जिम्मेवार निकायका प्रमुखका अभिव्यक्ति नै काफी छन् । त्यसैले त उनीहरू प्रेस स्वतन्त्रता नियन्त्रणमुखी कानुन बनाउने तानाबाना बुन्दै छन् । नयाँ संसद्को विधेयक अधिवेशनले प्रेस स्वतन्त्रता र पत्रकारको हकसँग सम्बन्धित कुनै पनि महत्त्वपूर्ण विधेयक ल्याउन नसक्नु विडम्बनापूर्ण पक्ष हो ।

मिडियाप्रतिको विश्वास धर्मराउँदै गएको सन्दर्भमा दोस्रो विश्वयुद्धताका अमेरिकाबाट प्रकाशित टाइम र लाइफ म्यागेजिनका प्रकाशकले सिकागो युनिभर्सिटीका प्रोफेसर रोबर्ट हचिन्सको अध्यक्षतामा आधुनिक लोकतन्त्रमा मिडियाको भूमिका कस्तो हुनुपर्छ भनेर प्राज्ञिक अध्ययनका लागि 'हचिन्स कमिसन' गठन गरेका थिए । आफ्नो भूमिका कस्तो छ भनेर अध्ययन गर्नका लागि हचिन्स कमिसन गठन गरिएको थियो । जुन अध्ययनका लागि मिडिया स्वयंले लगानी गरेको थियो । चार वर्ष काम गरेपछि कमिसनले सन् १९४७ मा समाजप्रति उत्तरदायी हुनु प्रेसको नैतिक दायित्व हुनेछ भन्ने निष्कर्ष निकाल्यो । त्यसैकारण आजको दिनमा पत्रकारिताको सामाजिक उत्तरदायित्वको प्रसंग कोटचाउँदा 'हचिन्स कमिसन'को नाम सबैभन्दा अगाडि आउँछ । सामाजिक उत्तरदायित्वको सिद्धान्तले मिडियाले समाजका लागि जेजति काम गर्छ, ती सबै समाजप्रति उत्तरदायी हुनुपर्छ भन्ने कुरामा जोड दिएको छ । त्यसकारण मिडियालाई नैतिक दायित्वको ख्याल गर्दै जवाफदेही र उत्तरदायी बनाउन सामाजिक उत्तरदायित्वको सिद्धान्त अगाडि आएको हो ।

नेपालका सन्दर्भमा मिडियाप्रतिको विश्वास धर्मराउन थाल्नुको मुख्य कारण मिडियाले प्रश्न गर्न नसक्नु नै हो । दलका नेता, तिनका अभिव्यक्ति र क्रियाकलापबारे प्रश्न नगर्नु भनेको उनीहरूले जे गरे ठीक गरे र अहिले जे गरिरहेका छन् त्यो पनि ठीक छ भन्ने निष्कर्षमा पुग्नु हो । मिडियाले प्रश्न नगर्दा कसैलाई खुसी पार्न सकिएला, पत्रकारका लागि क्षणिक लाभ पनि होला । तर, यस्ता प्रवृत्तिले लोकतान्त्रिक शासन व्यवस्थालाई कमजोर बनाउँछ । लोकतन्त्रका खम्बा हल्लिन पुग्छन् । त्यसकारण लोकतन्त्रको जग बलियो बनाउन पत्रकारले प्रश्न गर्नैपर्छ ।


पत्रकार बलियो नभई पत्रकारिता र लोकतन्त्र बलियो हुन सक्दैन । पत्रकारिता स्वतन्त्र, बलियो र प्रभावकारी नहुँदा लोकतन्त्र पनि सुदृढ हुन सक्दैन । लोकतन्त्रको सुदृढीकरणको अभावमा जनताको मौलिक अधिकार पनि सुरक्षित नहुने निश्चित छ । मिडियामार्फत समयमै प्रवाह गरिने सही सूचनाले अन्ततः प्रजातान्त्रिक शासन व्यवस्थालाई नै बलियो बनाउँछ । तर, सूचनाप्रतिको विश्वास नभएमा न पत्रकारिता अघि बढ्न सक्छ, न त त्यस्तो पत्रकारिताले प्रजातान्त्रिक पद्धतिलाई बलियो नै बनाउँछ । प्रजातान्त्रिक संस्था धराशायी हुँदै गएको सन्दर्भमा पछिल्लो समय खासगरी नेपालको बौद्धिक जगतले मिडियाको भूमिका थप सशक्त हुनुपर्ने महसुस गर्न थालेको छ । जनमत निर्माण गर्ने सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण भूमिका मिडियाको नै रहेको हुन्छ ।

राज्यका निकाय र सिंगो समाजलाई सच्चिन दबाब दिनुपर्ने मिडियाकर्मी पहिला आफैं सच्चिनुपर्ने पत्रकारहरूले निष्कर्ष निकालेका छन् । त्यसैले सरकारलाई झक्झक्याउने मिडिया जगतले आत्मसमीक्षा गर्ने, हिजोका दिनमा भएका गल्ती कमजोरी स्वीकार्ने र आगामी दिनमा सुधार गर्दै अघि बढ्ने प्रतिबद्धता जनाउनुपर्छ । यसो भएमा मिडियाको गुमेको विश्वसनीयता पुनःफर्काउन सकिन्छ । *रासस*

*(लेखक पत्रकारिताका अध्यापक हुन्)*

## बखतबहादुरको योगदान

# चलचित्रकलादेखि बौद्ध दर्शन प्रवर्द्धनसम्म



▶▶ श्याम रिमाल


- *चलचित्र निर्माणमा फोटोग्राफी र क्यामराको कामको निरीक्षण वा निर्देशन तथा क्यामरा सञ्चालनसम्बन्धी अध्ययन गरेका नेपालको पहिलो सिनेमेटोग्राफर*
- *नेपालमा दश जोड दुई शिक्षा प्रणाली आरम्भकर्ता*
- *चलचित्र संस्थानका जन्मदाता*
- *थेरवादी केन्द्रीय दायक परिषद् (वि.सं. २०४९) का अध्यक्ष*
- *चित्रकार(पुँ) समाजका संस्थापक अध्यक्ष*
- *नेपालमा व्यवस्थित ढंगबाट बुद्धजयन्ती मनाउने कामको आरम्भकर्ता*
- *विजयादशमीका दिन 'शस्त्रास्त्र परित्याग दिवस' को सुरुआतकर्ता*
- *इन्द्राणयी मन्दिर, काठमाडौंमा 'अशोक स्मृति चैत्य' स्थापनाकर्ता*
- *थेरवादी बुद्ध विहार, लुम्बिनीमा पाली, नेपाली र अंग्रेजीमा 'धम्मपद' उत्कीर्णकर्ता*
- *मन्दिरहरूमा पशुबलिविरुद्ध मुद्दा दिने समाजसेवी*

राणाकालका नामुद चित्रकार तथा फोटोग्राफर कृष्णबहादुर चित्रकारका ज्येष्ठ सुपुत्र बखतबहादुर चित्रकारका धेरै परिचय छन् । विदेशमा चलचित्रमा फोटोग्राफी र क्यामरा प्रयोगको कला अध्ययन गर्ने प्रथम व्यक्तित्व बखतबहादुरको योगदानलाई चिरस्मरणीय बनाउन उनका सुपुत्रसुपुत्रीले 'बखतबहादुरको शब्दचित्र स्मृति ग्रन्थ' (२०७९) नै प्रकाशन गरिदिएका छन् । पुस्तकमा लेखक कृष्ण अधिकारीले बखतबहादुरसँग गरेको कुराकानी, बखतबहादुरका आलेख, उनीबारे लेखिएका लेख तथा उनका तस्बिरहरू समावेश गरिएको छ ।

देवीदेवताका चित्र कोर्ने-रङरोगन गर्ने परिवारमा जन्मिएका उनले राणाशासन, पञ्चायतकाल र बहुदलीय गणतान्त्रिक सबै व्यवस्था भोगे भने राजनीति, अध्यात्म, शिक्षा, सञ्चार, चलचित्र, फोटोग्राफी, सिनेमेटोग्राफी जस्ता एकापसमा सम्बद्ध-असम्बद्ध विषयमा संलग्न भई योगदान दिए । यस स्मृति ग्रन्थले बखतबहादुरका तिनै अनगिन्ती व्यक्तित्व र योगदानका साथै ती कालका लुकेका केही पक्षबारे पनि प्रकाश पार्छ । कामपा, हनुमानढोका नजिक यट्खा टोलमा ९२ वर्षअघि जन्मिएका उनका पिता कृष्णबहादुर कमाण्डर इन चिफ बबरशमशेर जबरा (अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरका भाइ) को थापाथलीस्थित कार्यालयमा निजी चित्रकार थिए । 'यिन (बबर) को नेतृत्वमा नेपाली सेनालाई द्वितीय विश्वयुद्धमा पठाइएको थियो । अंग्रेजले भारत छोडेर जाने बेला मोहनशमशेर राणालाई अंग्रेजले आफ्नो भूभाग फिर्ता लिन पत्र लेखेका थिए । तर, बबरशमशेरले राणा शासन नै धर्मरिएको अवस्थामा त्यसो गर्न नहुने भन्दै उनका दाजु मोहनशमशेरलाई रोकेका थिए ।' यो नेपाली जनमानसमा कमै चर्चामा आएको तथ्य हो ।

भारतमा महात्मा गान्धीको हत्या हुँदा काठमाडौंमा अंग्रेजविरुद्ध ठूलो जुलुस निक्लेको र उनको तस्बिर पशुपति आर्यघाटमा विसर्जन गरी श्रद्धाञ्जलि दिइएको तथा १३औं दिनको पुण्यतिथिमा हनुमानढोका परिसरमा श्रद्धाञ्जलिसभा गरिएको, शिवपुरी नजिकको जंगलमा वनभोज गर्ने बहानामा राजा त्रिभुवन सपरिवार दिल्लीमा शरण लिन गएको जस्ता राजनीतिक घटनाका जानकारी पनि यसमा पाइन्छन् । रमाइलो कुरा, बखतबहादुर बाल्यकालमै विद्यालय जीवनदेखि नै गान्धीवादी थिए जुन राणा विरोधी भावनाको प्रतीक पनि थियो ।

प्रथम आमनिर्वाचन (वि.सं. २०१५) पछि राजा महेन्द्र र प्रधानमन्त्री बिपी कोइरालाको व्यक्तित्व टकराएकाबारे राजनीतिज्ञ विश्वबन्धु थापा राम्रैसँग अवगत थिए र एकपटक उनले भनेका पनि रहेछन्, 'एउटै वनमा दुईटा बाघ नअटाउनु जस्तै हो ।' यहाँनेर बखतबहादुरको धारणा भने 'राजामा रहेको घमण्ड र बिपीको एकखालको 'म'वादी स्वभावले पनि विश्वासको संकट ल्याएको थियो । राजा महेन्द्रको राष्ट्रवादी सोच र प्रधानमन्त्री बिपीको विकासवादी सोचलाई एक ठाउँमा सम्मिश्रण




गर्न सकेको भए मुलुकले धेरै पहिले नै समृद्धिको यात्रा तय गरिसक्ने' थियो । यस्तै धारणा अहिले पनि केही राजनीतिकर्मी, राजनीतिक विश्लेषक, बुद्धिजीवी, पत्रकार आदिले व्यक्त गरेको पाइन्छ ।

इसाई धर्मको पवित्र पुस्तक 'बाइबल'लाई अंग्रेजीबाट नेपाली भाषामा पहिलोपटक अनुवाद गर्ने श्रेय पाएका बखतबहादुरले अमेरिकाको एक चर्चका पादरी ब्राउनले उनको धर्ममा परिवर्तन गर्न निकै करबल गर्दा पनि क्रिस्चियन बन्न इन्कार गरेको र सम्भवतः त्यही चिन्ताले बिरामी परेका पादरीका लागिमात्र आफू क्रिश्चियन बनेको र नेपालको कुन चर्चमा कसलाई भेट्नुपर्ने भनी पत्र पठाएको कुराले मानिस आफ्नो धर्ममा कत्तिसम्म कट्टर हुँदा रहेछन् (यहाँ ब्राउन र बखतबहादुर दुवै) भन्ने ज्ञात हुन्छ । नेपाल सरकारको ३५ वर्ष लामो निजामती सेवा गरी सहसचिवबाट अवकाशप्राप्त उनका 'फोटोग्राफी' (२०४३) र 'नयाँ नेपालको समावेशी धर्म', २०६४) पुस्तकका साथै 'शिक्षक' र 'गाउँ विकासमा प्रौढ शिक्षा' शीर्षकका वृत्तचित्र पनि प्रकाशन भएका छन् । विदेशमा अध्ययन र भ्रमणका क्रिममा नेपाल र नेपालीबारे वृत्तचित्र आदिका माध्यमबाट विश्वमा चिनाउन उनले दिएको योगदान अविष्मरणीय छ । नेपालका मन्दिरहरूमा हुने पशुबलिविरुद्ध सर्वोच्च अदालतमा उनले दिएको मुद्दाको फैसला भने दर्जनौंपटक पेसी चढ्दा पनि हुन नसकेको कृतिमा उल्लेख छ ।

एघार अध्यायमा विभाजित प्रस्तुत ग्रन्थमा ३० भन्दा बढी विभिन्न राजनीतिक-आध्यात्मिक-प्रशासक-शिक्षासेवी-कलाकार आदि व्यक्तित्व (केशरबहादुर विष्ट, पूर्णबहादुर खड्का, सागर प्रताप राणा, धम्मावती गुरुमा, प्रा.डा. भीमदेव भट्ट, सानुराजा शाक्य, डा. सुरेशराज शर्मा, डा. राजेन्द्र सुवाल आदि) तथा परिवारका सदस्य र केही नातेदारका केही संस्मरणात्मक लेखरचना पनि समाविष्ट छन् जसले उनको व्यक्तित्वमा अझै प्रकाश पार्छन् । उनले लेखेका केही लेख र उनीसँग पत्रकारले लिएको अन्तर्वार्ताले कृतिलाई आधिकारिकता दिन बल दिएको छ । बखतबहादुरको आफ्नो जीवनसँग सम्बन्धित र परिवारका सदस्य, उनी संलग्न ऐतिहासिक-राजनीतिक-धार्मिक क्षेत्र, सिनेमेटोग्राफी-फोटोग्राफी आदिसम्बन्धमा प्राप्त सम्मानपत्र झल्कने श्यामश्वेत र रंगीन चित्रले कृतिमा अझ सौन्दर्य थपेका छन् ।

कृतिमा केही तथ्यगत त्रुटि पनि भेटिन्छन्, जस्तैः पुरातत्त्वविद् फेडरेर (हुनुपर्ने फुहरर), वीरगञ्जमा मुक्ति सेनाको नेतृत्व गर्ने धीरबम मल्ल (हुनुपर्ने थीरबम मल्ल), सन् १९६४ (वि.सं. २०२१ तिर) मा प्रधानमन्त्री मातृकाप्रसाद कोइराला (हुनुपर्ने वि.सं. २००८ र ०११ तिर) आदि । पुस्तकमा केही अलि बढी लेखकीय भावनाका कुरा पनि आएका छन् । जुन क्षेत्र र स्थानमा रहेर पनि सदैव मुलुककै लागि योगदान दिएका बखतबहादुरको यो स्मृतिग्रन्थ पत्रकारिता, धर्म, शिक्षा, इतिहास, राजनीति आदि क्षेत्रका सबैलाई उपयोगी र संग्रहणीय नै हुने विश्वास लिन सकिन्छ । *रासस*

# कृषिविज्ञ राईलाई ७ दिन हिरासतमा राख्न आदेश

**खोटाङ (प्रस)–** बालयौन दुर्व्यवहारको आरोपमा पक्राउ परेका 'शुभद्रा-मदन फाउन्डेसन' (शुभम्)का संरक्षक एवं कृषिविज्ञ मदन राईलाई थप अनुसन्धानका लागि सात दिन हिरासतमा राख्न प्रहरीलाई जिल्ला अदालत खोटाङले आदेश दिएको छ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ सोल्मामा सञ्चालित शुभम् फाउन्डेसनमा आवासीयरूपमा बसेर पढ्ने बालिका र किशोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा गत शुक्रबार फाउण्डेसनबाटै पक्राउ परेका संरक्षक राईमाथि अदालतले आइतबार सात दिनको म्याद थप गरेर अनुसन्धान गर्न प्रहरीलाई आदेश दिएको हो।

पक्राउपछि प्रहरी हिरासतमा रहेका संरक्षक राईमाथि एक जना पीडितले बालयौन दुर्व्यवहारसम्बन्धी कसुरअन्तर्गत दिएको उजुरीसमेत दर्ता गरेर कारबाहीको प्रक्रिया थालिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक मञ्जिल मुकारुङले जानकारी दिए । 'शुभम् फाउण्डेसनका संरक्षक मदन राईविरुद्ध एक जना पीडितले लिखित तथा तीन जनाले मौखिक उजुरी दिएका छन् । उहाँहरूले दिएको उजुरीको आधारमा कारबाहीको प्रक्रिया थालिएको छ,' उनले भने, 'अहिले अनुसन्धानको क्रममा भएकाले केही भन्न सकिने अवस्था छैन । अनुसन्धानपछि थप पुष्टि हुँदै जानेछ । बाँकी तीन जनाले पनि लिखित उजुरी दिने बताएका छन् ।'

कुटोकोदालोदेखि कम्प्युटरसम्म पढाइ हुने भनिएको विद्यालयको संरक्षक राईले आफूहरूको संवेदनशील अंगमा हात हाल्ने, शारीरिक सम्पर्कका लागि आग्रह गर्ने, आफ्ना गोप्य अंगमा छुन लगाउने, नग्न शरीर देखाएर अश्लील हर्कत गर्नेलगायत आरोपसहित पीडित पक्षले मौखिक उजुरी दिएको प्रहरीले बताएको छ । संरक्षक राईलाई प्रहरीले पक्राउ गरेर हिरासतमा राखेर अनुसन्धान सुरु गरेपछि मौखिक उजुरी दिनेलाई किटानी जाहेरी दिन कार्यालयमा बोलाइएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता प्रहरी निरीक्षक बेनु कार्कीले जानकारी दिए ।

शुभम् फाउण्डेसनका संस्थापकसमेत रहेका ७५ वर्षीय राईले विगत केही वर्षदेखि सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरेर स्टाटस लेख्दै आएका थिए । यौन शिक्षाको नाममा सामाजिक सञ्जालमा अश्लील शब्द प्रयोग गरेको विषयमा संरक्षक राईको चौतर्फी आलोचना हुँदै आएको थियो ।

फाउण्डेसनमा अध्ययनरत बालिका तथा किशोरीमाथि संरक्षक राईबाटै यौन दुर्व्यवहार भएको खबर शुक्रबारदेखि विभिन्न सञ्चारमाध्यममा आइरहेका छन् । सञ्चारमाध्यममा समाचार आएपछि बालिका तथा किशोरीहरूले लगाएको आरोप ४० प्रतिशत सत्य रहेको संरक्षक राईले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिएका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GEAAR TAMDED CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/३१ LT. No. 284197 चलानी नं. ६०१९९६०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 6 | 0 | 1200 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८० जेष्ठ ८ गते (22nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**

श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424

Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALBA HOSPITALITY &SERVICES

पूर्व स्वीकृति मिति २०८०/०१/३१ LT. No. 285945 चलानी नं. ६०२०१३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker (Female) | 0 | 6 | 1000 | ३६,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ८ गते (22nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम इजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AUTISM EDCATIONAL SERVICES CO.

पूर्व स्वीकृति मिति २०८०/०१/२८ LT. No. 285881 चलानी नं. ६०२०१३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOHAMMED HABBAS SULTAN AL-MUTAIRI INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति २०८०/०१/२५ LT. No. 285646 चलानी नं. ६०२०१३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Assembling Labour | 23 | 0 | 1200 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GOOD HOLIDAYS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०१/२६ LT. No. 285782 चलानी नं. ६०२०१३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labor | 5 | 0 | 1200 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ८ गते (22nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.**

श्रम इजाजत नं. ६३०/०६३/०६४

New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEATTLE INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति :२०७९/०६/०६ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/३१ LT No.272193 चलानी नं. ६०१८८१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer Labourer | 26 | 0 | 900 | ३२,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

कम्पनी : FLOWER SWEET COMPANY FOR SWEETS AND PASTRIES.

पूर्व स्वीकृति मिति २०७९/०८/१२ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०१/३१ LT No.252139 चलानी नं ६०१६९०८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 7 | 0 | 100 | ४३,२१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Driver | 3 | 0 | 130 | ५६,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत ८ गते (22nd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम इजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDEN HORSE SERVICES

पुर्व स्वीकृति मिति २०७९/१०/१२ पुन स्वीकृति मिति २०८०/१/३१ LT No :279642 चलानी नं. ६०१९५६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Workers | 50 | 0 | 1500 | ४५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ८ गते (22nd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम विवरण देहाय बमोजिम रहेको छ

| | | |
|---|---|---|
| क | निकायको स्वरुप र प्रकृतीः | कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित वित्तीय संस्था । |
| ख | निकायको काम, कर्तव्य र अधिकारः | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम काम, कर्तव्य र अधिकार रहेको छ । |
| ग | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः | वित्तीय संस्थामा १६५ जना कर्मचारी कार्यरत रहेका छन् र संस्थाले तोकेको कार्य विभीन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समुहको नाम र पद www.reliancenepal.com.np मा हेर्न सकिन्छ |
| घ | निकायबाट प्रदान गरिने सेवाः | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले दिनसक्ने सम्पुर्ण बैंकिङ्ग सेवाहरु २०६३ साल देखी दिईदै आएको छ । |
| ङ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः | सेवा प्रदानगर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| च | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः | वित्तीय संस्थाले सेवा प्रदान गर्दा लिने शुल्क तथा दस्तुरको विवरण www.reliancenepal.com.np मा उपलब्ध छ । |
| छ | निर्णय गर्ने प्रक्रिया र अधिकारीः | वित्तीय कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले यस संस्थाको कर्जा निती निर्देशिकाको अधिनमा रही निर्णय गर्ने गरेको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको संचालक समिती अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ज | निर्णय उपर गुनासो सुन्ने अधिकारीः | ग्राहकहरुको गुनासो तथा उजुरी गर्नेको लागी हाल केन्द्रीय स्तरमा समाज प्रकाश श्रेष्ठ लाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरीएको छ ।<br>गुनासो सुन्ने अधिकारीः समाज प्रकाश श्रेष्ठ – का.मु. प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ९८५१०५२४५५, ०१-४२२०६९८<br>साथै कुनै गुनासो भएमा सिधै samaj@reliancenepal.com.np मार्फत गुनासो राख्न सकिने व्यवस्था गीरएको छ । |
| झ | सम्पादन गरेको कामको विवरणः | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए वमोजिम राष्ट्रीय स्तरको 'ग' वर्गका वित्तीय संस्थाले गर्नसक्ने सम्पुर्ण बैंकिङ्ग तथा वित्तीय कारोवारहरु नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको अधिनमा रही सम्पादन भईरहेको छ । |
| ञ | सुचना अधिकारीको नाम र पदः | ग्राहकहरुलाई आवश्यक सुचना प्रदान गर्न निम्न अधिकारीलाई तोकीएको छ ।<br>सुचना अधिकारीः समाज प्रकाश श्रेष्ठ<br>पदः का.मु. प्रमुख कार्यकारी अधिकृत<br>फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेलः samaj@reliancenepal.com.np |
| ट | ऐन, नियम, विनियम वा निर्देशकको सुचीः | प्रचलित सम्पुर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजीमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागी प्रमुख रुपमा रहेका छन् ।<br>१. नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ ।<br>२. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ ।<br>३. कम्पनी ऐन, २०६३ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ ।<br>४. सम्पती शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ ।<br>५. धितोपत्र सम्बन्धी ऐन, २०६३, सुरक्षित कारोवार ऐन, २०६३ ।<br>६. विनियम अधिकार पत्र ऐन, २०३४ ।<br>७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, आयकर ऐन, २०५८ ।<br>८. उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु ।<br>९. नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकिकृत निर्देशिकाहरु । |
| ठ | आम्दानी खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धि अद्यावधिक विवरणः | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवारहरु सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेवसाईट www.reliancenepal.com.np मा समेत रहेको छ । |
| ड | बैंकको का.मु. प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः | बैंकको का.मु. प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।<br>श्री समाज प्रकाश श्रेष्ठ<br>का.मु. प्रमुख कार्यकारी अधिकृत<br>रिलायन्स फाइनान्स लिमिटेड<br>प्रदर्शनी मार्ग काठमाडौं, फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७<br>इमेलः info@reliancenepal.com.np |

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
पो.ब.नं.: २०१३६, बि.जे.भवन, प्रदर्शनी मार्ग, काठमाडौं
फोन नं.: ०१-५३६११०४, ५३२३११७, ५३६१०४१, ५३६११६७
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

शाखा कार्यालयहरुः

• न्यूरोड, काठमाडौंः ०१ ५३४५१०४/१०५ • सितापाइला, काठमाडौंः ०१ ५२३३३९७ • इमाडोल, ललितपुरः ०१ ५२०१७०४
• बनेपा, काभ्रेः ०११ ६६३२४४ • शहिद चोक, नारायणगढः ०५६ ५९६५९८ • टाडी, चितवनः ०५६ ५९३२६९ • महेन्द्रपुल, पोखराः ०६१ ५८०९८३
• बेशीसहर, लम्जुङ्गः ०६६ ५२०८१५/८१६ • बैंकरोड, गोरखाः ०६४ ४२०२७८ • आरुघाट, गोरखाः ०६४ ४१०१७२/१७३
• वुटवल, रुपन्देहीः ०७१ ५९०१७४ • मनिग्राम, रुपन्देहीः ०७१ ५६२९०२ • भैरहवा, रुपन्देहीः ०७१ ५९०९०१/९०२ • कोहलपुर बाकेः ०८१ ५४२१५४/१७४
• महेन्द्रनगर, कञ्चनपुरः ०९९ ५२०४४० • अत्तरिया, कैलालीः ०९१ ५५००३३/०८४ • धनगढी, कैलालीः ०९१ ५२३४६२
• चाराली, झापाः ०२३ ४६०१०२ • दमक, झापाः ०२३ ५७२६०२/६०३ • विर्तामोड, झापाः ०२३ ५३०७४३/७४७ • धुलावारी, झापाः ०२३ ५६४३९१/३९२

वित्तीय सेवाको अर्को परिभाषा



## KANEPOKHARI RURAL MUNICIPALITY
### Office of Rural Municipal Executive
### Bayarban, Morang

# INVITATION FOR E-BID ONLY

**First Date of Publication: 2080/02/01 (15 MAY 2023)**

**IFQ NO: KRM/NCB/04/GOODS/079/80**

1. Kanepokhari Rural Municipality, Bayarban, Morang has allocated funds towards the supply of mentioned items in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. Kanepokhari Rural Municipality invites E-bid from eligible bidders for following works under Sealed Quotation. The bidding procedure will be Single Stage Single Envelope. The bidding procedure will be e-bidding only.

**3. Information to deposit the cost of bidding document in Bank:**
**Rajaswa Khata No. (Revenue Account)**
**Office Name: Kanepokhari Rural Municipality, Bayarban, Morang**
**Bank Name: NIC Asia Bank**
**Bank Address: Ramailo Branch**
**Account Number: 133CA50021460002 (Rajaswa)**
**For Security Deposit (Dharauti Khata) No.: D3CA000455752407**
Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of. **Kanepokhari Rural Municipality, Bayarban, Morang.**

4. The bidders shall submit their bid before **2080/02/17 (2023 MAY 31) 12:00 hrs.** The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2080/02/17 (2023 MAY 31) 13:00 hrs**. at the office of **Kanepokhari Rural Municipality, Bayarban, Morang.**
5. Bid security must be valid for a period of **45 days as stated below** for after bid opening and must be accompanied by a bid amounting to a minimum of **as specified below** which shall be valid for 30 days beyond the validity period of the bid after **deadline of Bid submission date.**
6. If the last date of Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
8. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
9. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Minimum Bid security NRs. | Price of Bid Document NRs. |
|---|---|---|---|
| KRM/NCB/10/ GOODS/079/80 | PROCUREMENT OF COLORED CGI SHEETS AT KANEPOKHARI RURAL MUNICIPALITY | 55,000.00 | 1,000.00 |

**CHIEF ADMINISTRATIVE OFFICER**

# प्रभाव दैनिक

सोमबार, १ जेठ २०८० (Monday, May 15, 2023)





## हरिवंश र केकी बने उत्कृष्ट

अभिनेता हरिवंश आचार्य र अभिनेत्री केकी अधिकारी उत्कृष्ट अभिनेता अभिनेत्री घोषित भएका छन् । शुक्रबार भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा आयोजित 'सिने सर्कल अवार्ड' मा आचार्य 'महापुरूष' र अधिकारी फिल्म 'फिँगेदाउ' बाट वर्ष २०७९ को उत्कृष्ट अभिनेता अभिनेत्री घोषित भएका हुन् । वि.सं २०७७, ०७८ र ०७९ सालमा रिलिज भएका फिल्मलाई एकसाथ अवार्ड प्रदान गरिएको कार्यक्रममा नेपाली फिल्म क्षेत्रमा ३ दशकभन्दा लामो समयदेखि मेकअपको विधामा रहेर काम गरिरहेका सन्तु तामाङ र ४ दशकदेखि भान्छामा काम गर्दै आएका कुलबहादुर महतलाई 'दीर्घ साधना सम्मान' प्रदान गरियो । कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादवले सन्तु र कुलबहादुरलाई सम्मान पत्र प्रदान गरेका थिए । दुबैलाई सम्मानमा ५१-५१ हजार नगद राशि पनि थियो ।



# 'नेपाल अन्तर्राष्ट्रिय चलचित्रको छायांकन गन्तव्य बन्न सक्छ'




■ प्रभाव संवाददाता

**काठमाडौं–** उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपाल अन्तर्राष्ट्रिय चलचित्रको छायांकन गन्तव्य बन्न सक्ने बताएका छन् । नेपाल चलचित्र प्राविधिक सङ्घ (नेफ्टा) ले काठमाडौंमा आयोजना गरेको 'नेफ्टा चलचित्र अवार्ड-२०२३' को उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक कार्यक्रममा चलचित्रकर्मीलाई प्रमाणपत्र वितरण गर्दै उपराष्ट्रपति यादवले नेपालको प्रचार गर्न कलाकर्मीलाई आग्रह गरे ।

'विदेशी चलचित्रलाई यहाँको प्राकृतिक सुन्दरताले आकर्षित गर्छ । हामीले एकजुट हुँदै सहकार्य गरेर नेपाललाई अन्तर्राष्ट्रिय चलचित्रको छायांकन गन्तव्य बनाउन सक्छौं', उनले भने, 'नेपाली चलचित्र अहिले विश्वभर खोजिएको सुन्दा र देख्दा खुसी लाग्छ । विदेशी बजारमा बलियो बन्न प्रवर्द्धन गर्नु जरुरी छ ।'

उनले नेपाली चलचित्रलाई छ दशक लामो यात्रामा पर्दा पछाडि रहेर सघाएका प्राविधिकहरूको कार्यक्रममा सहभागी हुन पाउँदा खुसी लागेको बताए । 'चलचित्रले मनोरञ्जन प्रदान गर्नेमात्र नभई हाम्रो मौलिक भाषा, वेशभूषा, संस्कृति, इतिहासको संरक्षण र संवर्द्धन पनि गरिरहेको छ । यो सिर्जनशील कलाकर्मीको मेहनत र लगावको प्रतिफल हो', उपराष्ट्रपति यादवले भने । कार्यक्रममा उत्कृष्ट पाँचको घोषणासँगै प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, कलाकार नीर शाह, रमेश उप्रेती, भुवन चन्द, चैत्य देवी, वसुन्धरा भुसाल, दीपाश्री निरौला, बेनिशा हमाल, निर्मल शर्मा, निर्देशक हेमराज बिसी, निर्माता मणिराम पोखरेललगायतको उपस्थिति थियो ।

